# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडाबाज ,दैलेख
कर्णाली प्रदेश, नेपाल

प.स.- २०८२/०८३
च.नं. १८४

मिति:२०८२।०४।२१

**विषय: औषधि उपचार खर्चका लागि नाम नविकरण गर्ने सम्बन्धमा ।**

**श्री सरोकारवाला सबै**
**महाबु गाउँपालिका, दैलेख ।**

प्रस्तुत विषयमा मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ वमोजिम यस गाउँपालिका मार्फत सुविधा प्राप्त गरिरहेका लाभग्राहिहरुले आफ्नो नाम प्रत्येक आ.व.मा नविकरण गर्नुपर्ने प्रावधान वमोजिम आ.व. २०८२/०८३ मा नविकरणका लागि तपसिलमा उल्लेखित कागजातहरु सहित २०८२ भाद्र मसान्त सम्ममा सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
२. अनुसूची- २ बमोजिम निवेदन,
३. १६ वर्षमुनिको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. चिकित्सकको सिफारिश ( अनुसुची १),
५. पक्षघात भएका विरामीहरुको हकमा गाउँपालिकाबाट जारी गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी,
६. हाल उपचार गराईरहेका वा चिकित्सकको निरन्तर निगरानिमा रहेका विरामीहरुको हकमा अस्पतालबाट जारी रोग / समस्या किटानी गरेको प्रमाणित कागजात,
७. २ प्रति पासपोर्ट साइजको फोटो,
८. लाभग्राहीको नाममा जारी भएको बैंक खाता नम्बर (सम्भव भए क्यान्सिल चेक)

नोट- हालसम्म यो सुविधा प्राप्त नगरेका तर सुविधा प्राप्त गर्नका लागि मापदण्ड पुगेका व्यक्तिहरुले माथि उल्लेखित कागजात सहित निवेदन पेश गर्न सक्नुहुनेछ । साथै अनुसुची २ बमोजिमको निवेदन ढाँचा सम्बन्धित वडा कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।

**थप जानकारीका लागि अर्जुन बहादुर शाही (स्वास्थ्य शाखा) - ९८६८०९९५४८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

(खगेन्द्र कुमार बि.सी.)
नि.प्रमुख प्रशासकीय अधिकृत